**नेपाल राष्ट्र बैंक**
**विदेशी विनिमय व्यवस्थापन विभागको**

# सूचना !

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ :-

१. हाल विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीको अवस्था सामान्य नभएसम्म प्रतितपत्र मार्फत् आयात हुने मालसामानको हकमा Issuing Bank ले देहायका शर्त/प्रक्रिया पुरा भएको अवस्थामा copy documents को आधारमा भुक्तानी गर्न सक्ने छ :-

   क) प्रतितपत्रमा उल्लेख गरिए बमोजिमका कागजातहरु (Required documents as stated in letter of credit) को scan प्रति Nominated Bank को आधिकारिक e-mail बाट Issuing Bank को आधिकारिक e-mail मा प्राप्त गरेको हुनुपर्ने ।

   ख) Original Documents कुरियर मार्फत पठाइएको उल्लेख भएको Payment Instruction सहितको Authenticated SWIFT message Nominated Bank बाट Issuing Bank ले प्राप्त गरेको हुनुपर्ने ।

   ग) Original Documents तथा सो अनुसारको सामान प्राप्त नभएमा र विदेशी विनिमय अपचलन भएमा सो को सम्पूर्ण जिम्मेवारी Applicant को रहने व्यहोराको प्रतिबद्धता पत्र Issuing Bank ले Applicant सँग लिनुपर्ने ।

   घ) माथिका प्रक्रियाहरु सहित भुक्तानी सम्बन्धी अन्य प्रावधान पालना हुने गरी Issuing Bank ले भुक्तानी गर्नसक्ने ।

   (ङ) DAP र DAA मार्फत् हुने आयातको हकमा यो व्यवस्था लागु हुने छैन ।

२. प्रतितपत्र संशोधन सम्बन्धी विद्यमान प्रावधानहरु पालना हुने गरी व्यापारीक फर्महरुले खोलेका Usance L/C को अवधि २०७७ असार मसान्तसम्म थप गर्न सकिने छ । यसरी थप गरिएको अवधिमा शुल्क/व्याज तिर्नुपर्ने देखिएमा 6 months LIBOR+3 percent per annum भन्दा बढी तिर्न पाइने छैन ।

**(बम बहादुर मिश्र)**
**कार्यकारी निर्देशक**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

**मितिः २०७७/०१/०८**